# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.सं २०८२/०८३(भूमि शाखा)
च.नं १८१

मितिः- २०८२/०५/०१
ने.सं ११४५ गुंलागा- १०
सोमबार

## भूमी सम्बन्धी निवेदन पेश गर्ने सूचना

(सूचना प्रकाशन मितिः २०८२/०५/०१)

भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौबाट मिति २०८२।०४।३० मा निम्न बमोजिमका निवेदन दिने सम्बन्धी ३५ दिने सूचनाहरु प्रकाशन भएको हुँदा विगतका आयोग, समिति र कार्यदलबाट कित्ताकाट र नापजाँच र सेतो पूर्जा प्राप्त गरी अन्य काम बाँकी रहेकाको लागि र हक भोग गरिरहेको तथा यस अघिको निवेदनमा छुट भएको **भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले** जग्गा प्राप्तीको लागी देहाय बमोजिमका आवश्यक कागजात सहित सम्बन्धित निकायमा निवेदन दिनु हुन सम्बन्धित सबैमा यो सुचना प्रकाशन गरिएको छ ।

| विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीले |
|---|---|
| १. निवेदन दिने स्थानः-<br>भूमि समस्या समाधान आयोग जिल्ला समितिको सचिवालय, चितवन<br><br>२. आवश्यक कागजातः-<br>क. जग्गाको फिल्डबुक प्रमाणित,<br>ख. टोकन नम्बर,<br>ग. श्रेस्ता प्रमाणित,<br>घ. वडा कार्यालयको भोगचलनको सीफारिस,<br>ङ. उपभोगको अन्य प्रमाणहरु । | १. निवेदन दिने स्थानः-<br>सम्बन्धीत वडा कार्यालय<br><br>२. आवश्यक कागजातः-<br>क. पती पत्नी लगायत सम्पूर्ण परिवारको ना.प्र.प र राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,<br>ख. पती पत्नीको पासपोर्ट साइजको फोटो २-२ प्रति,<br>ग. विद्युत वा खानेपानिको बिलको प्रतिलिपि,<br>घ. अन्य कुनै उपभोगको प्रमाण,<br>ङ. टोल विकास संस्थाको सिफारिस,<br>च. अन्यत्र आफ्नो/परिवारको नाममा रहेको जग्गाको प्रमाणपूर्जाको प्रतिलिपि र सो को स्थानीय तहको मूल्यांकन (अव्यवस्थित बसोबासीको हकमा) |

२०८२।०५।०१

..........................
रामप्रसाद अधिकारी
(भूमि शाखा प्रमुख)

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np